जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३१ २०७८ साल पुस ५ गते सोमबार (20 Dec. 2021 Monday) मूल्य रु. ५/-

आत्महत्या समस्याको समाधान होइन,
अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : बिजुलीको मागमा गुणात्मक... ३ पृष्ठमा : ओमिक्रोन भित्रिन... ३ पृष्ठमा : फिलिपिन्समा आँधीमा परी ...

## आफ्नो बलात्कार भएको भन्दै झुठो आरोप लगाई रकम ठग्ने महिलासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

आफ्नो बलात्कार भएको भन्दै झुठो आरोप लगाई रकम ठगि गर्ने एक महिलालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

बलात्कारको झुठो आरोप लगाई रकम ठगि गर्ने सप्तरीको खडक नगरपालिका ९ लालपट्टीकी २४ वर्षिया रुबिना खातुनलाई प्रहरीले पक्राउ गरेको हो । उनी सँगै उक्त कार्यमा संलग्न रहेका सोही ठाउँका ३२ वर्षिय रहमान मियाँलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेलका अनुसार पछिल्लो पटक रुबिना र रहमान मिलेर सोही वडाकी गुलेशा खातुनसँग एक लाख रुँपैया ठगि गरेको अनुसन्धानको क्रममा खुलेको जानकारी दिएका छन् ।

प्रहरीका अनुसार रुबिनाले गुलेशालाई फोन गरि तिम्रो पतिले मलाई बलात्कार गरेको छ, ४ लाख रुँपैया नदिए प्रहरीमा जबरजस्तीकरणी मुद्दा अन्तरगतको जाहेरी दिन्छु भन्दै रकम ठगेको अनुसन्धानको क्रममा खुलेको हो ।

आफू र पति बेइज्जत हुने डरले गुलेशाले तत्काल एक लाख रुँपैया बुझाएकी थिइन् । पछि पतिले उक्त आरोप सरासर गलत भएको बताएपछि उनले प्रहरीमा उजुरी दिएकी थिइन् ।

सो ठगि धन्दामा रुबिनालाई रहमानले समेत सघाउने गरेकाले उनलाई पनि पक्राउ गरिएको डिएसपी काफ्लेले बताउँदै पैसा ठगि गर्न रुबिनाले यसअघि पनि गाउँका कयौं यूवाहरुलाई फसाउने र बार्गेनिङ गर्ने गरेको पाइएको उनले बताए । यसबारे पनि थप अनुसन्धान भइरहेको उनको भनाई छ ।

## कारोना संक्रमित बढ्दै गएको भन्दै सर्तकता अपनाउन आग्रह

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ पुस ।**

प्रदेश २ मा स्थिर रहेको कोरोना संक्रमण दर पुनःबढ्न थालेपछि स्वास्थ्य कार्यालयले सर्तकता अपनाउन आग्रह गरेको छ ।

मंसिर अन्तिम सातासम्म संक्रमण दर घट्दै गएकामा अहिले पुनःबढ्न थालेको जनाउँदै सर्तकता अपनाउन आग्रह गरिएको हो ।

प्रदेश २ स्वास्थ्य निर्देशनालयका अनुसार विगत एक साताको अवधिमा सङ्क्रमितको सङ्ख्या झण्डै दोब्बरले वृद्धि भएको छ । नयाँ सङ्क्रमित थपिएकामध्ये अधिकांश धनुषाकै रहेको निर्देशनालयले जनाएको छ ।

गत मङ्सिर १८ गते प्रदेशमा ३४ कोरोना सङ्क्रमित रहेकामा यही पुसको ३ गतेसम्ममा सङ्क्रमितको संख्या ६५ पुगेको स्वास्थ्य निर्देशक विजय झाले जानकारी दिएका छन् ।

ती मध्ये ६२ होम आइसोलेशनमा रहेका छन् भने तीन चिकित्सकको निगरानीमा छन् । प्रदेशमा ६५ कोरोना सङ्क्रमित रहेकामा धनुषामा मात्र ३५ सक्रिय सङ्क्रमित छन् ।

त्यस्तै महोत्तरीमा १६, सिरहामा पाँच, सर्लाहीमा तीन, पर्सामा चार, सप्तरीमा एक र बारामा एक जना कोरोनाको सक्रिय सङ्क्रमित रहेको जनाएको छ ।

## पुस्तौदेखी गृहत खट्दा समेत ऋृण नसकिएको भन्दै सरोकारवालालाई ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, ४ पुस ।**

हरवाचरवा अधिकार मञ्च सप्तरीले आइतबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा हरवारचवाहरुले पुस्तौदेखी गृहत खट्दा पनि ऋृण नसकिएको भन्दै यसका लागि पहल गरिदिन सरोकारवालाहरुको ध्यानाकर्षण गराएका छन् ।

हरवाचरवा अधिकार

*बाँकी अन्तिम पृष्ठमा*

**आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।**

खदिजा ट्रेडर्स एण्ड सप्लायर्सलाई एक जना अनुभवी इच्छुक कर्मचारी चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : लेखापाल/संख्या : १ (एक) जना**

+2 (Management) मा उत्तिर्ण गरेको वा सो सरह एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा Accounting Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**सम्पर्क**

**खदिजा ट्रेडर्स एण्ड सप्लायर्स**
**राजविराज ९, मलेठ, बिहारपुर**
**मोबाइल नं. ९८०१५१५०१५**




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# विकासीय कार्यमा सबैको सहयोग अपिहार्य

लामो समयदेखी विकासको पखाईमा रहेको राजविराज नगरपालिका अब केही विकासीय कार्यमा लम्किदै गएको छ । नेपालको पुरानो नगरपालिका मध्ये एक यस नगरपालिकामा हाल सडक निर्माण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा प्रगति, बजार बिस्तार तथा होटल एवं सेमिनार हलहरु खुल्नुले विकासको बाटोको रुपमा हेर्न सकिन्छ । कुनै बेला यस नगरमा गुणस्तरिय होटल समेत नरहेको अवस्थामा अहिले बिस्तारै होटलहरु व्यवसाय पनि फस्टाउँदै गएको छ । त्यस्तै सभा, गोष्ठी तथा सेमिनार गर्न पनि कुनै चौर वा खेलमैदानको सहारा लिने गरिएकोमा अहिले आधुनिक होटहरुले ती सुविधा प्रदान गर्दैआएको छ ।

यसबाहेक हालै प्रदेश २ कै कृषि विश्वविद्यालय स्थापनासँगै कृषि क्षेत्रमा आधुनिकीकरण तथा विश्वविद्यालयको स्थापनाले कृषि क्षेत्रलाई ठूलो ठेवा पुग्ने विश्वास लिइएको छ । यसअघि नगर क्षेत्रभित्रै रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान, इन्जिनियरिङ तथा नर्सिङ कलेज जस्ता शैक्षिक क्षेत्रको विकासले नगर मात्र नभएर जिल्लाकै विकासमा ठेवा पुग्ने कुरामा दुईमत नहोला । तर यसका लागि सरोकारवाला निकायको प्रयासले मात्र नभएर जिल्लावासीकै सहयोगको खाँचो रहेको छ ।

यस्ता विकासीय कार्यले गति लिइरहेकोमा जिल्लावासीलाई यसप्रति धेरै अपेक्षा रहेको छ । तसर्थ यस्ता कार्यलाई सकारात्मक रुपमा लिएर अगाडी बढाउन सबै सरोकारवाला निकाय, स्थानियवासी, नगरवासी तथा जिल्लावासीले सहयोग गर्नु आवश्यक रहेको छ । अनिमात्र कुनै पनि विकासीय कार्यले गति लिनेछ । जसले गर्दा नगर मात्र नभएर सम्पूर्ण जिल्लाले नयाँ रुपमा फड्को मार्नेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बिजुलीको मागमा गुणात्मक वृद्धि, आगामी असारसम्म दुई हजार मेगावाट पुग्ने

काठमाडौं, ४ पुस (रासस) ।

प्रभावकारी नीति, व्यावहारिक कार्ययोजनालगायत कारणले आन्तरिक बजारमा विद्युत्को माग उल्लेखनीय रुपमा वृद्धि भएको छ । हरेक वर्ष औसतमा २० प्रतिशतका दरले विद्युत्को माग बढेको पाइएको छ ।

विद्युत् खपत बढाउनका लागि चालिएका कदम र जाडो बढेसँगै विद्युत्को आन्तरिक माग ह्वात्तै बढेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्राधिकरणले उपलब्ध गराएको तथ्याङ्कअनुसार, गतवर्षको तुलनामा यस वर्षको विद्युत्को उच्च माग (पिक डिमाण्ड) ३०० मेगावाटको हाराहारीमा बढेको छ । आन्तरिक रुपमा उत्पादन भएको विद्युत् खपत गर्न नसकी खेर जाने अवस्था आएपछि खपत बढाउन विद्युतीय उपकरणको प्रयोग बढाउने र उद्योगलाई चाहिएजति विद्युत् उपलब्ध गराउने नीति लिई सोहीअनुसार काम भइरहेको छ ।

विद्युतीय चुल्हो, एयर कन्डिशनलगायत विद्युत्बाट चल्ने घरायसी सामानको प्रयोगमा वृद्धि भएको पाइएको छ । सरकारीस्तरबाट चार्जिङ स्टेशन निर्माणको प्रक्रिया अगाडि नबढेको भए पनि निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेका छन् । त्यसले विद्युत्बाट सञ्चालन हुने यातायातका साधनको वृद्धि भएको छ ।

ठूला उद्योगलाई माग अनुसारको बिजुली उपलब्ध गराइएको छ । उद्योगले पर्याप्त विद्युत् पाएका कारण उत्पादन क्षमतामा वृद्धि भएको छ । त्यसबाट दैनिक रुपमा खपत बढिरहेको छ । प्राधिकरणले कात्तिकको अन्तिम सातादेखि नै देशकै ठूलो सिमेन्ट उद्योग होङ्शीलाई ३० मेगावाट विद्युत् उपलब्ध गराएको छ । चिनियाँ लगानीको अर्को हुवासिन सिमेन्ट उद्योगले पनि २० मेगावाट बिजुली जोडेको छ । विद्युत्को माग क्षमता (मेगावाट) र ऊर्जा (युनिट) दुवै बढिरहेको छ । उदाहरणका मङ्सिर २७ गते प्रणालीमा विद्युत्को उच्च माग एक हजार ५३९ मेगावाट थियो । गत वर्षको सोही दिनको माग एक हजार २१७ मेगावाटको थियो । गत वर्षको तुलनामा यो ३२२ मेगावाट बढी हो । यस आधारमा विद्युत्को पिक डिमाण्ड गत वर्षको सोही दिनको तुलनामा २६.५ प्रतिशतले वृद्धि भएको छ । गत मङ्सिर २७ गतेको प्रणालीको पिक डिमाण्ड पूर्तिका लागि प्राधिकरणका विद्युत् गृहबाट ५४० मेगावाट, प्राधिकरणका सहायक कम्पनीका विद्युत्गृहबाट ५२९ मेगावाट, निजी क्षेत्रका विद्युतगृहबाट ४२५ मेगावाट र भारतबाट २५ मेगावाट आयात गरिएको थियो । सोही दिन पिक समयमा पनि ४ मेगावाट विद्युत् भारततर्फ निर्यात गरिएको थियो ।

विद्युत् बढी खपत हुने काठमाडौं उपत्यकासहित आसपासको क्षेत्रमा विद्युत् माग पनि ह्वातै बढेको छ । काठमाडौं उपत्यकामा विद्युत्को अधिकतम माग ९० मेगावाटको हाराहारीमा वृद्धि भएको छ । गतवर्ष २९३ मेगावाट रहेको काठमाडौं उपत्यकाको पिक डिमाण्ड यस वर्ष ३८२ मेगावाट पुगेको छ । यसले पनि काठमाडौं उपत्यकामा पनि उल्लेख्य रुपमा बिजुलीको मागमा वृद्धि भएको देखिन्छ । उपत्यकामा विद्युतीय चुल्होको प्रयोगमा वृद्धि भएको पाइएको छ । ऊर्जाका मागका आधारमा मङ्सिर २७ गते विद्युत् खपत दुई करोड ७२ लाख युनिट थियो । यो खपत गत वर्षको सोही दिनको दुई करोड ११ लाखको तुलनामा ६१ लाख युनिट बढी हो । ऊर्जाका आधारमा विद्युत् खपत गत वर्षको तुलनामा २८.६५ प्रतिशतले बढी हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत वर्षको तुलनामा यस वर्ष ३० प्रतिशतको हाराहारीमा पिक डिमाण्ड बढ्नु ठूलो उपलब्धि भएको बताउनुभयो । "घरायसी प्रयोजनका लागि इन्डक्सन चुल्हो तथा घरमा एयर कन्डिशनको प्रयोग बढिरहेको छ, विद्युतीय सवारी साधनको प्रयोग बढ्दा चार्जिङ स्टेसन विस्तार भइरहेको छ, औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत् उपलब्ध गराउने प्रयाससँगै लोडको माग बढिरहेको छ", उहाँले भन्नुभयो । उहाँले विद्युत्को माग अहिलेकै रुपमा वृद्धि भयो भने चालू आवको अन्त्यसम्ममा दुई हजार मेगावाटको हाराहारीमा पुग्न सक्ने देखिएको जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक घिसिङले उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराएर देशभित्र उत्पादित विद्युत् आन्तरिक रुपमै खपत बढाउने कुरालाई पहिलो प्राथमिकतामा राखी अल्पकालीन र दीर्घकालीन योजनाअन्तर्गत प्रसारण तथा वितरणतर्फका पूर्वाधारमा विस्तार तथा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखी काम अगाडि बढाइएको बताउनुभयो । उहाँ आफैंले मुलुकभित्रका मुख्य औद्योगिक करिडोरको अनुगमन भ्रमण गरी उद्योगीहरुलाई चाहिए जति विद्युत् लिन आग्रह गर्दै आउनुभएको छ । प्राधिकरणको अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिट्टो सम्पन्न गर्ने रहेको छ ।

दीर्घकालीन योजना अन्तर्गत विद्युत् खपत बढ्न सक्ने सम्भावित ठाउँको पहिचान गरी प्रसारण तथा वितरणतर्फका ठूला क्षमताका लाइन तथा सबस्टेसन निर्माण सुरु गर्ने प्राधिकरणको योजना छ । प्राधिकरणले थप विद्युत् आवश्यक पर्ने उद्योगलाई परिमाण खुलाएर तत्काल आवेदन दिन आग्रह गरिरहेको छ । मुख्य रुपमा औद्योगिक करिडोर क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणालीको सञ्जाल सुधारका लागि वृहत् सुदृढीकरणको काम अगाडि बढाइएको छ ।

# कपाल रोप्न ऋण !

चितवन, ४ पुस (रासस) ।

उद्योग व्यवसाय गर्न ऋण पाइनु त सामान्य मानिन्छ तर यहाँ कपाल रोप्न पनि ऋणको व्यवस्था गरिएको छ । यहाँस्थित चितवन मेडिकल कलेज शिक्षण अस्पतालले कपाल रोप्न ( प्रत्यारोपण गर्न) आउने सेवाग्राहीलाई ऋणको व्यवस्था गरेको हो ।

अस्पतालले कपाल प्रत्यारोपणलगायत कस्मेटिक उपचार शुल्क किस्ताबन्दीमा तिर्न पाइने व्यवस्था गरेको छ । अस्पतालले सनराइज बैंकसँग सहकार्य गरेर किस्ताबन्दी सुविधा दिएको हो । अस्पतालभित्रै सो काउन्टर रहेको छ । कपाल प्रत्यारोपणलगायत कस्मेटिक उपचारका लागि आउने सेवाग्राहीलाई किस्ताबन्दीमा शुल्क तिर्ने व्यवस्था मिलाइएको अस्पतालको डर्माटोलोजी विभागका व्यवस्थापन प्रमुख कृतिष्मा अर्यालले बताउनुभयो ।

बैंकले रु २५ हजारदेखि दुई लाखसम्म यस्तो ऋण धितोबिना नै शून्य व्याजदरमा उपलब्ध गराउने उहाँको भनाइ छ । अठार महिनासम्म किस्तामा तिर्न मिल्ने ऋणका लागि आयस्रोत भने खुलाउनुपर्ने जनाइएको छ ।

उहाँले लक्जरी सुविधा भएकाले एकैपटक शुल्क तिर्न गाह्रो हुनेलाई लक्षित गरेर ऋणको व्यवस्था गरिएको जानकारी दिनुभयो । सेवा लिन आउने सेवाग्राहीलाई आवश्यक कागजपत्र बनाउन अस्पतालबाटै सहयोग गरिने जनाइएको छ । व्यवस्थापन विभाग अर्यालले भन्नुभयो, "बैंक धाइरहनुपर्ने झन्झट हुँदैन, हामीले सहजीकरण गरिदिन्छौं ।" चितवनमा पहिलो पटक यो सुविधा दिइएको जनाइएको छ ।

अस्पतालको डर्माटोलोजी विभागमा कपाल प्रत्यारोपणका साथै अनुहारको चाउरीपन हटाउने, छालामा चमक ल्याउने, चाया, पोतो हटाउने, डण्डीफोरलगायतका दाग, धब्बा हटाउने सेवा छन् । यी सबै सेवाको शुल्क किस्ताबन्दीमा तिर्न मिल्ने उहाँ बताउनुहुन्छ ।

अस्पतालका कन्सल्टेन्ट डर्माटोलोजिष्ट एण्ड हेयर ट्रान्सप्लान्ट सर्जन डा श्रद्धा उप्रेती पछिल्लो आधुनिक प्रविधिमार्फत कपाल प्रत्यारोपण गरिदै आएको जनाइएको छ । उहाँले भन्नुभयो "कपाल भएको ठाउँबाट जरासहित निकालेर नभएको ठाउँमा प्रत्यारोपण (रोप्ने) गरिन्छ । पुरुषमा तालु खुइलिने समस्या हुन्छ । यस्तोमा टाउकाको पछाडिको भाग, साइडको भाग, दाह्री अनि छातीको कपाल जुन कहिल्यै झर्दैन, यस्ता स्थानका कपाललाई निकालेर कपाल नभएको ठाउँमा रोप्छौं ।" यसरी कपाल रोप्दा ठूलो साइडइफेक्ट नहुने उप्रेतीले दाबी गर्नुभयो ।

लडेर, पोलेर वा दुर्घटनाबाट कुनै खत बसेको छ भने पनि त्यस्तो ठाउँमा कपाल रोप्न सकिने र आइब्रो पातला भएका महिलाले आइब्रोमा कपाल प्रत्यारोपण गर्न सक्ने उहाँको भनाइ छ ।

प्रत्यारोपण गरिएको कपाल ४८ देखि ७२ घण्टा पछि बढ्न सुरु हुने जनाइएको छ । उहाँले भन्नुभयो, "पाँच महिनापछि कपाल कटाउन मिल्ने हुन्छ । करिब एक वर्षभित्र कपाल बाक्लो भएर आउँछ र मुन्डन गरे पनि फेरि पलाइरहन्छ ।"

अस्पतालका अध्यक्ष तथा प्रबन्ध निर्देशक प्रा डा हरिश्चन्द्र न्यौपानेले यो सुविधा किस्ताबन्दीमा सुरु गरेसँगै एकैपटकमा शुल्क तिर्न नसक्नेलाई सहज हुने बताउनुभयो । सेवाग्राहीका लागि कसरी सहज सेवा दिन सकिन्छ भन्ने विषयमा अस्पताल सधैं लागिपरेको उहाँको भनाइ छ । यो मेडिकल कलेज धेरै बिरामीको उपचार गर्नेमध्येमा पर्दछ ।

# नेपाल वेयर हाउसले साधारण शेयर बिक्री गर्ने

काठमाडौं, ४ पुस (रासस) ।

नेपाल वेयर हाउस कम्पनीले साधारण शेयर बिक्री गर्ने भएको छ । कम्पनीको प्रबन्धपत्र संशोधन गर्ने गरी अधिकृत पुँजी रु ७० करोड र जारी पुँजी रु ६८ करोड ७५ लाख पुऱ्याउने प्रस्ताव सञ्चालक समितिले पारित गरेको छ ।

हालै सम्पन्न कम्पनीको साधारणसभाले रु १३ करोड ७५ लाख बराबरका साधारण शेयर निष्काशन गर्ने भएको छ । साधारण शेयर बिक्रीका लागि कम्पनीले सम्बन्धित नियामक निकायमा प्रस्ताव पेश गर्ने निर्णय गरेको छ । कम्पनीका अध्यक्ष आनन्तकुमार बगडियाले कम्पनीलाई थप विस्तार गर्ने उद्देश्यका साथ साधारण शेयर बिक्री गर्ने प्रस्ताव गरिएको जानकारी दिनुभयो । एभरेष्ट बैंकको सहवित्तीयकरणमा निर्माण भइरहेको कम्पनीको सुनसरी, पर्सा र कपिलवस्तु कार्यालयबाट कूल ५५ हजार मेट्रिकटन अन्न भण्डारण हुनेछ ।

निम्बस ग्रुप, शिखर इन्स्योरेन्स, एनएमबि बैंक, श्रीनगर एग्रो फार्म, टीएनएए इन्भेष्टमेन्ट कम्पनी, टिम भेन्चर्सलगायतको लगानी रहेको यस कम्पनीमा थप केही व्यासायिक र वित्तीय संस्थाले रु १५ करोड लगानी गरिसकेका छन् । कम्पनीले अन्न भण्डारणका अतिरिक्त वेयहाउस रिसिप्ट फाइनान्सिंग, अक्सन मार्केट

बाँकी अन्तिम पृष्ठमा

# ओमिक्रोन भित्रिन नदिन सीमा नाकामा उच्च सतर्कता

नवलपुर, ४ पुस (रासस)।

केही समयअघि दक्षिण अफ्रिकामा पहिचान गरिएको कोभिड-१९ को 'ओमिक्रोन भेरियन्ट' भित्रिन नदिनका लागि नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को सीमा नाकामा उच्च सतर्कता अपनाइएको छ।

भारतसँग सीमा जोडिएको त्रिवेणी भन्सारमा उच्च सुरक्षा सतर्कता अपनाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारी मनमाया भट्टराई पङ्गेनीले नयाँ भेरियन्ट जिल्लामा भित्रिन नदिनका लागि स्वास्थ्य सचेतनासँगै सीमामा उच्च सतर्कता अपनाइएको बताउनुभयो। "हामीले बोर्डरलाई सुरक्षित पार्नका लागि त्रिवेणी स्वास्थ्य चौकीबाट भन्सारमा हेल्थ डेस्क राखेका छौँ", उहाँले भन्नुभयो, "सीमा हुँदै नेपाल भित्रिनेहरुको स्वास्थ्य परीक्षण गर्नुका साथै उनीहरुलाई अनिवार्य रुपमा मास्कको प्रयोग गर्न लगाएका छौँ।" त्रिवेणी भन्सार खुलेको भए पनि यस नाकाबाट यात्रुबाहेक अन्य मालसामान भने आयात निर्यातको काम नभएको उहाँको भनाइ छ।

"त्रिवेणी भन्सार हुँदै यात्रु मात्रै आवातजावत गर्दैछन्, मालवाहक सवारीसाधन यो नाकाबाट भित्रिएका छैनन्", प्रजिअ पङ्गेनीले भन्नुभयो, "२२ डिसेम्बरबाट पटनाले भन्सार खोल्ने भन्ने सुनेका छौँ, त्यसपछि यो नाकामा अझै कडाइ गर्नेछौँ।" त्रिवेणी भन्सारबाट बिहान भारततिर जाने र बेलुका घर फर्किने तथा बाल्मीकी आश्रम जाने मानिस मात्रै आवातजावत गरेको भन्दै उहाँले स्वास्थ्य मापदण्ड पालना गर्न लगाइएको बताउनुभयो। कोरोना भाइरस सङ्क्रमण कम हुँदै गएको अवस्थामा पछिल्लो समय स्वास्थ्य सतर्कतामा लापरबाही भइरहेको उहाँको भनाइ छ।

जिल्लामा स्वास्थ्य सचेतना वृद्धि गर्दै खोपको सहजताका लागि सङ्घीय सरकारसँग पहल भइरहेको उहाँले बताउनुभयो। बालबालिकाका लागि मोडर्ना खोप लगाउन सुरु गरिएको भन्दै प्रजिअ पङ्गेनीले ज्येष्ठ नागरिकलाई भेरोसिलको बुस्टर डोज लगाउनेबारे तयारी भइरहेको जानकारी दिनुभयो। कोरोना भाइरस सङ्क्रमण बढ्न सक्ने भन्दै उहाँले जिल्लामा हुने कार्यक्रममा स्वास्थ्य मापदण्ड लागू भए नभएको अनुगमन गरिरहेको बताउनुभयो।

स्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशवप्रसाद चापागाईंले आइतबारदेखि जिल्लाका १२ देखि १८ वर्षसम्मका बालबालिकालाई कोरोना भाइरसविरुद्धको मोडर्ना खोप लगाउन सुरु गरिएको जानकारी दिनुभयो। यही पुस १४ गतेसम्म जिल्लाका ४५ हजार विद्यार्थीलाई मोडर्ना खोपको पहिलो मात्रा लगाएर सकिने उहाँको भनाइ छ। उहाँकाअनुसार माघको २ गतेबाट मोडर्नाको दोस्रो मात्रा विद्यार्थीलाई दिइनेछ। जिल्लामा हालसम्म १८ वर्षमाथिका ८५ प्रतिशत जनसङ्ख्याले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाइसकेका कार्यालय प्रमुख चापागाईंले जानकारी दिनुभयो। उहाँकाअनुसार हालसम्म खोपको पूरा मात्रा लगाउनेको सङ्ख्या एक लाख १० हजार तथा पहिलो मात्रा लगाउनेको सङ्ख्या एक लाख ८५ हजार रहेको छ। खोपको पहिलो मात्रा लगाएका १८ वर्षमाथिका नागरिकलाई माघको पहिलो हप्ताभित्र दोस्रो डोजसमेत लगाइ सक्ने गरी तयारी भइरहेको उहाँको भनाइ छ।

जिल्लामा कोरोना रोकथाम र उपचारका लागि पूर्णरुपमा तयारी अवस्थामा रहेको प्रमुख चापागाईंले जानकारी दिनुभयो। जिल्ला अस्पताल र स्थानीय तहका नगर अस्पतालमा गरी करिब २०० शय्याको आइसोलेशन तयारी अवस्थामा रहेको उहाँको भनाइ छ। हरेक स्थानीय तहमा चिकित्सक स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको भन्दै यसपटक जिल्लामा अक्सिजनको कमी नहुने चापागाईंले बताउनुभयो। "पहिलो लहरमा जस्तो यसपटक अक्सिजनको कमी हुँदैन", प्रमुख चापागाईंले भन्नुभयो, "हामीसँग पर्याप्त अक्सिजन, कन्सन्ट्रेटरलगायत सामग्री छन्।" कोरोना फैलिन नदिनका लागि सचेतनासँगै स्थानीय तहका स्वास्थ्य संस्थालाई उच्च सतर्कता गराइएको प्रमुख चापागाईंले बताउनुभयो।

## राजविराज नगरपालिका
### ४ नं. वडाको कार्यालय

राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
च.नं. २१३

मिति: २०७८-९-५

**सूचना**

**विषय :**

उपरोक्त सम्बन्धमा यस राजविराज न.पा.वडा नं.४ को आ.व.२०७८/०७९ को लागि पारित वडा वडा स्तरिय पूर्वधार विकास निर्माण योजना को लागि तपसिलमा उल्लेख भएको मिति स्थान समय मा वडा का भदृभलादमी,समाजसेबी, युवा तथा वडाबसी हरूले उपस्थित भई उपभोक्त समिति गठन गर्न जम्मा भेला भई उपभोक्ता तथा अनुगमन समिति गठन गर्ने भएको सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ /

**तपसिल**

| सि.नं. | योजनाहरुको नाम | उपभोक्ता समिति गठन वा कोटेशन हुने | मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १. | हिरोको घर देखि रोशन को घर सम्म आर.सि.सि.ढलान / | उपभोक्ता समिति | बुधबार २०७८/९/७ | हिरोको घर अगाडी बाटो मा | बिहान ८:बजे |
| २. | नियाजको को घर देखि सैफुनको घर सम्म जाने बाटो सम्म पि.सि.सि.ढलान / | कोटेशन | | | |
| ३. | प्रविन परियारको घर देखि रघुबिरको घर सम्म पि.सि.सि. ढलान / | // | // | // | // |
| ४. | दिनेश कसेराको घर देखि कन्हैया ठाकुरको घर सम्म पि.सि.सि./ | उपभोक्ता समिति | बिहिबार २०७८/९/८ | छकेन्द्र बिध्यालय प्रांगणमा | बिहान ८:बजे |
| ५. | मुन्ना सेख को घर देखि चंदको घर सम्म रहेको अधुरो कार्य पुरा गर्न बाटोमा पि.सि.सि ढलान / | // | सुक्रबार २०७८/९/९ | // | // |
| ६. | मोख्तार राकिको घर देखि राजकुमार घर सम्म बाटो मर्मत संभार / | // | आइतबार २०७८/९/११ | // | // |
| ७. | रामआशिस साहको घर देखि दिलिप साहको घर सम्म बाटो मर्मत संभार / | // | सोमबार २०७८/९/१२ | // | // |
| ८. | स्कुल पछाडी बाटो देखि परमेश्वर पासी घर (पुल ) सम्म पि.सि.सि.ढलान / | // | मंगलबार २०७८/९/१३ | // | // |
| ९. | लक्ष्मी नारायण मन्दिरको निर्माण कार्यको लागि /जमे नुरी जामा मस्जिद / | कोटेशन | | | |
| १०. | कैलाशको घर देखि अमरनाथको घर सम्म पि.सि.सि.ढलान / | // | बुधबार २०७८/९/१४ | // | |

# विश्व समाचार

## फिलिपिन्समा आँधीमा परी ८० भन्दा बढीको मृत्यु

मनिला, ४ पुस (रासस-एएफपी)।

फिलिपिन्समा यस वर्षको सबैभन्दा शक्तिशाली आँधीमा ८० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ। यो सँगै विनाशकारी टापुहरूमा पानी र खाद्यान्न पुर्याउने प्रयासहरू बढ्दै गएको छ।

राई आँधीले द्वीपसमूहको दक्षिणी र मध्य क्षेत्रहरूलाई तहसनहस बनाएपछि ३००,००० भन्दाबढी मानिस आफ्नो घर र समुद्र तटको रिसोर्ट छोडेर भागेका थिए। आँधीले धेरै क्षेत्रमा सञ्चार र बिजुली अवरुद्ध पारेको छ। छाना उढाएको छ। बिजुलीका पोल ढलेका छन र गाउँ बाढीमा परेका छन्।

राईले बिहीबार प्रतिघण्टा १९५ किलोमिटर ९१२० माइल गतिको हावाको गतिमा आएको सुपर टाइफुनको रूपमा देशमा प्रहार गरेको थियो। सबैभन्दा बढी प्रभावित क्षेत्रमा खोजी र उद्धार कार्यमा सहयोग गर्न हजारौं सेना, प्रहरी, तटरक्षक र दमकल खटिएका छन्।

कोस्ट गार्ड र खाना, पानी र चिकित्सा आपूर्ति बोकेका नौसेनाका जहाजहरू प्रभावित क्षेत्रतर्फ पठाइँदै छन्। परोपकारी र आपतकालीन सेवाहरूले चन्दाको लागि अपील गरेका छन्। बोहोलका केही भागमा भएको क्षतिको हवाई सर्वेक्षण गरिएको छ।

## इराकको बगदादको ग्रीन जोनलाई लक्षित गरी रकेट आक्रमण

बग्दाद, ४ पुस, (रासस-सिन्ह्वा)।

मध्यबगदादमा रहेको अमेरिकी दूतावास रहेको ग्रिन जोनमा आइतबार बिहान दुईवटा कात्युशा रकेट प्रहार गरिएको इराकी समाचार एजेन्सी (आईएनए) ले जनाएको छ।

एउटा रकेट अमेरिकी दूतावास साइटको सुरक्षा गर्ने ऋ(च्ब प्रतिरक्षा प्रणालीद्वारा हावामा नष्ट भएको र अर्को क्षेत्रको भव्य समारोह स्क्वायर नजिकै अवतरण भएको थियो जसले दुईवटा नागरिक कारहरूलाई क्षति पुर्याएको एजेन्सीले जनाएको छ।

आईएनएका अनुसार हताहतको बारेमा तत्काल कुनै खबर आएको छैन र सुरक्षा बलले घटनाको अनुसन्धान थालेको छ। केही मुख्य इराकी सरकारी कार्यालयहरू र अमेरिकी दूतावास रहेको ग्रीन जोनलाई बारम्बार विद्रोहीहरूले मोर्टार र रकेट आक्रमणद्वारा निशाना बनाइएका छन्।

## भारतद्वारा आणविक क्षमताको ब्यालेस्टिक मिसाइल परीक्षण

नयाँ दिल्ली, ४ पुस, (रासस/सिन्ह्वा)।

भारतले शनिबार आफ्नो नयाँ पुस्ताको आणविक क्षमताको ब्यालिस्टिक मिसाइल 'अग्नी पी' को सफल परीक्षण गरेको छ। मिसाइल परीक्षण अब्दुल कलाम टापु भारतको पूर्वी राज्य ओडिशाको तटमा बिहान ११:०६ मा गरिएको रक्षा मन्त्रालयले जनाएको छ।

मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, टेलिमेट्री, राडार, इलेक्ट्रो-अप्टिकल स्टेसनहरू र पूर्वी तटमा अवस्थित डाउन-रेन्ज जहाजहरूले मिसाइल टर्याजेक्टोरी र मापदण्डहरू ट्र्याक र निगरानी गरेका थिए। "मिसाइलले प्रक्षेपणलाई उच्चस्तरको सटीकताका साथ सबै मिसन उद्देश्यहरू पूरा गरेको विज्ञप्तिमार्फत जनाइएको छ।

'अग्नि पी' एक दुई चरणको क्यानिस्टराइज्ड ठोस प्रोपेलेन्ट ब्यालिस्टिक मिसाइल हो जसमा डुअल रिडन्डन्ट नेभिगेसन र मार्गदर्शन प्रणाली छ। यस दोस्रो उडान-परीक्षणले प्रणालीमा एकीकृत सबै उन्नत प्रविधिहरूको भरपर्दो कार्यप्रदर्शन प्रमाणित गरेको पनि रक्षा मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

## पाकिस्तानको कराँचीमा भएको बम विष्फोटमा परी १० जनाको मृत्यु, १२ घाइते

इस्लामावाद, ४ पुस (रासस/सिन्ह्वा)।

पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराँचीमा शनिबार एउटा दुईतले भवनको भुइँ तल्लामा भएको विष्फोटमा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएको प्रहरी र अस्पताल स्रोतले बताएको छ।

हाल अस्पतालको अभिलेखमा १० शव र १२ घाइतेको नाम दर्ता भएको छ भने घटनामा गम्भीर घाइते भएका अधिकांश घाइतेको अवस्था गम्भीर रहेको शहीद मोहम्मद बेनजिर भुट्टो इन्स्टिच्युट अफ ट्रमाका प्रमुख सञ्चालक मुहम्मद साबिर मेमनले जानकारी दिएका छन्।

एक निजी बैंक र अन्य थुप्रै कार्यालयहरू भएको भवनमा ग्यास चुहावटका कारण विष्फोट भएको बताइएको छ। विष्फोटमा भवन आंशिक रूपमा ध्वस्त भएको थियो र थुप्रै व्यक्तिहरू भग्नावशेषमा फसेको आशंका गरिएको छ। उद्धार टोली फसेका मानिसहरूको खोजीका लागि भग्नावशेष हटाउन प्रयासरत छ।

कराँची सिन्धको प्रान्तीय राजधानी हो। सिन्धका मुख्यमन्त्री सैयद मुराद अली शाहले घटनाप्रति दुःख व्यक्त गर्दै आतङ्कवादको सम्भावनालाई ध्यानमा राखेर घटनाको अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएका छन्। थप अनुसन्धानका लागि बम डिस्पोजल टोली घटनास्थलमा पुगेको छ।

# छुरा प्रहारबाट मृत्यु भएको घटनाका दोषिलाई कारवाही गर्ने प्रशासनको प्रतिबद्धता

**दैनिक समाचारदाता**
**सिरहा, ४ पुस ।**

सिरहाको गोलबजार नगरपालिका ६ मा छुरा प्रहारबाट मृत्यु भएको घटनाका दोषीलाई २४ घण्टाभित्र कार्वाहीको दायरामा ल्याउने प्रशासनको प्रतिबद्धतापछि अवरुद्ध सडक ५ घण्टापछि खुलेको छ ।

स्थानीयले प्रहरीको लापर्वाहीकै कारण दोषी उम्मेको भन्दै तत्काल दोषिलाई पक्राउगरी कार्वाही, घाईतेको उपचार, मृतकका परिवारलाई क्षतिपूर्तीको माँग सहित अवरुद्ध सडक जाम सहमति खुलेको हो ।

पीडित पक्ष र स्थानीय प्रशासनविच २४ घण्टाभित्र नतिजा देखिने गरी दोषीलाई पक्राउ गरी कानुनी कार्वाही गरिने, घाइतेको उपचारको व्यवस्था गरिने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति दिलाउने सिफारिस गर्ने सहमति भएको बताइएको छ ।

शनिवार बेलुमा बजारबाट तरकारी किनेर गईरहेको बेला स्थानीय केही युवाले घेरेर गोलबजार नपा ६ डोहटियाका करिव २६ वर्षिय रामकुमार सदामाथि छुरा प्रहार गरेको थियो । छुरा प्रहारबाट घाइते उनलाई उपचारका लागि धनगढीमाई नपा ९ मा रहेको आरके मेरिसीटी अस्पताल पुऱ्याएपनि उनको मृत्यु भएको थियो ।

घाइते सोही ठाउँका १९ वर्षिय निकेश सदाको आरके मेरिसीटी अस्पतालमा उपचार भईरहेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाले घटनाबारे अनुसन्धान भईरहेको जनाएको छ । प्रहरीले घटनामा संलग्नहरुको पहिचान भईसकेको र उनीहरुलाई चाँडै कार्वाहीको दायरामा ल्याउने बताएको छ ।

# तीन वर्षमा एक हजारभन्दा बढीको सवारी साधन दुर्घटनाबाट मृत्यु

विराटनगर, ४ पुस (रासस) ।

दिनप्रति दिन बढ्दै गएको सवारी साधन दुर्घटनाबाट बच्न र बचाउन सवारी नियम पालनाको विकल्प नरहेको बताइएको छ । सडक अनुशासन तथा सवारी साधन दुर्घटना न्यूनीकरणका लागि आइतबारदेखि प्रदेश नं १ को १४ वटै जिल्लामा सुरु भएको ट्राफिक सप्ताह-२०७८ को सन्दर्भमा सो धारणा आएको हो ।

सो अवसरमा प्रदेश नं १का प्रहरी प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अरुणकुमार बिसीले प्रदेशमा दैनिक सरदर एक दशमलव शून्य चार जनाको मृत्यु भइरहेको जानकारी दिनुभयो । यस प्रदेशमा आव २०७५/७६ मा ३१३, २०७६/७७ मा ३३२, २०७७/७८ मा ४४४ जनाको दुर्घटनाबाट मृत्यु भएको छ भन्दै उहाँले यो भयावह स्थितिलाई न्यूनीकरण गर्न सबैको दायित्व भएकाले ट्राफिक सप्ताहअन्तर्गत एक सातासम्म विविध कार्यक्रम सञ्चालन गरी सवारी नियम पालना गराउनेतर्फ ट्राफिक प्रहरी सचेत रहेको छ भन्नुभयो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले व्यवस्थित र सुरक्षित जीवनयापन गर्न अनुशासित भई सवारी नियम पालना गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले दुर्घटनाको जोखिम र मृत्युलाई छल्न नसकिने भएकाले सवारी चालक, बटुवा सबैले ट्राफिक नियम पालना गर्नुपर्ने सुझाव दिनुभयो । मन्त्री कार्कीले कोशी ब्यारेजदेखि मेचीसम्म र रानीदेखि धरानसम्म राजमार्गमा सिसी क्यामेरा जडान गर्ने योजना र विराटनगरको ट्राफिक व्यवस्थापनका लागि पुरानो गुद्रीमा स्मार्ट पार्किङ बनाउन केही समयपछि नै विराटनगरमा प्रदेशस्तरीय बसपार्क शिलान्यास गरिने जानकारी दिनुभयो ।

सामाजिक विकास मन्त्री जयराम यादवले मादकपदार्थ सेवनबाटै सबैभन्दा बढी सवारी दुर्घटना भइरहेकाले मानिसले नैतिक आचरण र व्यवहार सुधार गर्नुपर्नेमा जोड दिनुभयो । यातायात आन्तरिक मामिला तथा कानून सचिव कालीप्रसाद पराजुली, सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल र व्यवसायी महासङ्घ प्रदेश नं १ का अध्यक्ष सरोज श्रेष्ठले पनि सवारी साधनको दुर्घटनाबाट पर्ने असरबारे चर्चा गर्नुभयो ।

# मन्त्री खतिवडाद्वारा खोप कार्यक्रमको शुभारम्भ

काठमाडौं, ४ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले विद्यालय मै खोप केन्द्र राखेर विद्यार्थीलाई कोरोनाविरुद्धको खोप लगाउने कार्यक्रमको शुभारम्भ गर्नुभएको छ ।

हेटौँडा उपमहा नगरपालिकास्थित भुटनदेवी माध्यमिक विद्यालयको खोप केन्द्रबाट विद्यार्थीलाई खोप लगाउने कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको हो । उक्त विद्यालय मन्त्री खतिवडा आफैँले अध्ययन गरेको विद्यालय हो । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री खतिवडाले खोप अभियानबाट कोही पनि नेपाली बञ्चित हुनुनपर्ने बताउनुभएको मन्त्रीका प्रेस सल्लाहकार शन्तराम बिडारीले जानकारी दिनुभयो ।

उहाँले सबै बालबालिकालाई खोप नलगाएसम्म निरन्तर रूपमा यो अभियान जारी रहने बताउनुभयो । अधिकांश जिल्लाबाट खोपको व्यवस्था मिलाइएकाले स्थानीय तहमा मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत र विभिन्न दलका नेताले अभियानको सुरुआत गरेको जनाइएको छ ।

सरकारले आइतबारदेखि सातवटै प्रदेशका ५७ जिल्लामा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई कोभिडविरुद्धको मोर्डना खोप दिन सुरु गरेको हो । तीन प्रदेशका आठ जिल्लामा भने यही पुस १३ देखि २२ गतेसम्म फाइजर खोप अभियान चलाइने भएको छ । ती आठ जिल्लामा वागमती प्रदेशका काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुली र चितवन गरी छ जिल्ला तथा सुदुरपश्चिमको डडेल्धुरा र कर्णाली प्रदेशको सुर्खेत रहेको छ ।

मन्त्रालयले पुस १३ देखि २२ गतेसम्म पहिलो मात्रा र आगामी माघ ४ देखि १३ गतेसम्म दोस्रो मात्रा खोप लगाउने गरी कार्यतालिका सार्वजनिक गरेको छ । विद्यालयलाई खोप केन्द्र बनाउने सन्दर्भमा भने जिल्लास्तरीय प्रमुख जिल्ला अधिकारी र स्थानीय सरकार प्रमुख रहेको समितिले निर्धारण गरेको छ । धेरै विद्यार्थी भएको विद्यालयमा सोही विद्यालयमा र कम विद्यार्थी भए दुई/तीन विद्यालय मिलाएर कुनै एउटा विद्यालयमा खोप लगाइने तय गरिएको हो ।

जिल्लास्थित जनस्वास्थ्य कार्यालयको समन्वयमा स्थानीय तहले विद्यालयमा अभियान सुरु भएको हो । पहाडी र दुर्गम जिल्लामा सय विद्यार्थी भएपछि खोप केन्द्र मानिएको छ भने तराई र शहरी ठाउँमा २०० विद्यार्थीलाई एक खोप केन्द्र मानिएको छ ।

# आश्रित परिवारले पेन्सन पाउन थालेपछि सामाजिक सुरक्षाप्रति आकर्षण बढ्यो

काठमाडौं, ४ पुस (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले सामाजिक सुरक्षा कोषप्रति आकर्षण र विश्वसनियता बढेको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ-नेपाल आबद्ध परिषद्ले आयोजना गरेको सामाजिक सुरक्षाको वर्तमान अवस्था : आगामी कार्यदिशा विषयक अन्तरक्रियामा उहाँले कोषमा आबद्ध भएकाहरुका आश्रित परिवारले पेन्सन पाउन थालेपछि यसप्रति आकर्षण र विश्वसनियता पनि बढेको बताउनुभयो । सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न यस्तै प्रकृतिका अन्य निकायसमेत हुँदा कतिपयलाई अन्योल रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले कोषले प्रदान गर्ने सुविधा अन्यत्रबाट प्राप्त गर्न कठिन रहेको बताउनुभयो ।

सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा असक्त सुरक्षा योजना, आश्रित परिवारको सुरक्षा र वृद्धावस्था सुरक्षा सुविधा उपलब्ध गराउँदै आएको छ । मन्त्री श्रेष्ठले कोषको दायरा विस्तार हुँदै जाँदा सबै क्षेत्रका श्रमिक आबद्ध हुने विश्वास व्यक्त गर्नुभयो । अहिले औपचारिक क्षेत्रका श्रमिकमात्र कोषमा आबद्ध हुँदै आएका छन् । सरकारले अनौपचारिक क्षेत्र, स्वरोजगार तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिलाई पनि कोषको दायरमा ल्याउने तयारी गरेको छ ।

आगामी दिनमा कोषबाट प्रदान गरिने सुविधा वृद्धि हुँदै जाने विश्वास दिलाउँदै उहाँले सामाजिक सुरक्षाका मूल्य मान्यता एवं सिद्धान्त, अन्तर्राष्ट्रिय अनुभव र अभ्यास एवं मुलुकको आर्थिक एवं सामाजिक परिवेशलाई दृष्टिगत गरी यसलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाउनुभयो ।

विसं २०७५ मङ्सिर ११ मा सामाजिक सुरक्षा योजना शुभारम्भ भएको थियो । हालसम्म कोषमा १६ हजार रोजगारदाता र तीन लाख श्रमिक आबद्ध भएका छन् । कोषले १२६ योगदानकर्ताका आश्रित परिवारलाई पेन्सन दिन थालेको छ ।

### *पुस्तौंदेखी गृहत ...*

मञ्चका राष्ट्रिय महासचिव नागेन्द्र सदाले भूमिहीन भएका कारण जगगाधनीको घरमा हरवाचरवा बसेकाहरु उल्टै ऋणमा डुबेको बताए । उनले त्यसलाई भुक्तान गर्ने क्रममा अर्को पुस्ताले पनि हरवाचरवाकै काममा खट्नु परिरहेको दुखेसो सुनाए ।

सोही कार्यक्रममा श्रीपूर्राज समुदायिक विकास केन्द्रका टिम लिडर बिनोदानन्द चौधरीले हरवाचरवाका बालबालिलाई निशुल्क गुणस्तरिय शिक्षाको व्यवस्था र परिवारजनलाई रोजगारी उपलब्ध गराउनु पर्ने माग गरे ।

हरवाचरवा अधिकार मञ्च सप्तरीको आयोजना तथा द फ्रिडम फण्ड, दलित चेतना संगम र श्रीपूर्राज सामुदायिक विकास केन्द्रको सहयोगमा आयोजित कार्यक्रममा डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साह, कानुन व्यवसायी शेखर खंग, कांग्रेसकी सरवेश्वरी झा, जसपा शम्भु यादव, लोसपाका महिनारायण यादव, नेकपा एमालेका अखिलेश झा, गैससकी रिया सन्चेती, श्यामकान्त चौधरी, भूमिअधिकार मञ्चका सुरैत सदा, दलित चेतना संगमका कार्यकारी निर्देशक गणेश राम लगायतले हरवाचरवाको समस्यालाई गम्भिरताका साथ लिदै यसका समाधानका लागि आफ्नो क्षेत्रबाट पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

### *नेपाल वेयर ...*

सुविधा, बल्क टन्सपोटेसन र वन स्टप एग्री सोलुसनलगायतका सुविधा उपलब्ध गराउने छ । निर्माणधिन तीन एकाइमध्ये सुनसरीको औरावानीस्थित कार्यालयबाट आगामी दुई महिनाभित्र व्यावसायिक काम सुरु हुने कम्पनीले जनाएको छ ।

# होटल क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था स्थगित

काठमाडौं, ४ पुस (रासस) ।

अध्यागमन विभगले कोरोना भाइरसको नयाँ भेरियन्ट (ओमिक्रोन) फैलिएका ६७ मुलुकबाट आउने यात्रुलाई अनिवार्य रुपमा सात दिन होटल क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था स्थगन गरेको छ ।

विभागले एक सूचना जारी गरी अर्को सूचना नआएसम्मका लागि उक्त व्यवस्था स्थगन भएको जनाएको छ । विभागले शुक्रबार मात्रै सूचना जारी गरी होटल क्वारेन्टिनमा बस्नुपर्ने उल्लेख गरेको थियो ।

"डिसेम्बर १७मा प्रकाशित गरेको यात्रा प्रतिबन्ध (सात दिन अनिवार्य होटेल क्वारेन्टाइन) सम्बन्धी सूचना अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको जानकारी गराइन्छ", विभागद्वारा जारी सूचनामा उल्लेख छ । यसअघि प्रकाशित ट्राभल एडभाइजरीसँग सम्बन्धित अन्य सूचनाहरू भने सक्रिय रहेको विभागले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयबाट आएको पत्रका आधारमा शुक्रबार नै उक्त व्यवस्था लागू गरिएको तर कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) का अधिकारी तथा गृहमन्त्रालयबाट समेत तत्कालका लागि उक्त व्यवस्थालाई पुनःविचार गर्नुपर्ने देखिएको र थप छलफल गर्नुपर्ने कुरा आएकाले तत्कालका लागि उक्त व्यवस्था स्थगन गरिएको विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उक्त विषयमा सोमबार सीसीएमसीका प्रतिनिधि, विभिन्न मन्त्रालयका अधिकारीसहितको बैठक बस्ने भएकाले सोही बैठकको निर्णयका आधारमा अघि बढ्ने गरी हाललाई उक्त व्यवस्था स्थगन गरिएको विभागले जनाएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९९७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np